नेपाली सेना

श्री भर्ना छनौट निर्देशनालय, जङ्गी अड्डा

सैन्य पदको लागि दरखास्त आव्हान

(प्रथम पटक प्रकाशित मिति २०८१/१२/२९ गते)

१. नेपाली सेनाको स्वीकृत दरबन्दी भित्र रिक्त रहेका सैन्य पद खुल्ला तथा समावेशी प्रतियोगिताद्वारा पदपूर्ति गर्नको लागि देहायका योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली सेनाको आधिकारिक वेबसाईट www.nepalarmy.mil.np वा भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल http://vacancy.nepalarmy.mil.np बाट अनलाईन दरखास्त फाराम भरी उम्मेदवार स्वयम्ले सो को हार्डकपी प्रिन्ट-आउट गरी तोकिएको भर्ना केन्द्रमा बुझाउने वा उम्मेदवार स्वयम् भर्ना केन्द्रमा उपस्थित भई दरखास्त फाराम भरी रू.१०।- (दश) को टिकट टाँसी दरखास्त पेश गर्न आह्वान गरिन्छ ।

२. **आवश्यक पद संख्या र भर्ना छनौट केन्द्रहरु**

(क) **सैन्य पद**. विज्ञापन नं.०८१/८२/९१

सि.नं.	भर्ना केन्द्र	सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका वा शारीरिक रुपमा अशक्त नेपाली सैनिकका सन्तती	खुल्ला तर्फ	समावेशी तर्फ					जम्मा
				महिला	आदिवासी/जनजाति	मधेसी	दलित	पिछडिएको क्षेत्र	
१.	नारायणहिटी, काठमाण्डौं (श्री उपत्यका पृतना हे.क्वा.) (०१-४९७९३७६, ९८६०११३६२२)	१६	१७०	२८	४४	३९	२१	७	३२५
२.	सुर्यविनायक, भक्तपुर (श्री रणशेर गण) (०१-५०९२२८६, ०१-५०९२१५६)	५	५२	९	१४	१२	६	२	१००
३.	ईटहरी, सुनसरी (श्री पूर्वी पृतना हे.क्वा.) (०२५-५८४९३३, ०२५-५८७०२८)	८	९१	१५	२५	२१	११	४	१७५
४.	ओदिन, पाँचथर (श्री वीरदल गण) (०२४-५२२१२३)	३	३९	७	१०	९	५	२	७५
५.	हिले, धनकुटा (श्री नं. २ वाहिनी अडडा) (०२६-५४०३९२)	४	३९	७	१०	९	५	१	७५
६.	बर्दिवास, महोत्तरी (श्री मध्य पूर्वी पृतना हे.क्वा.) (०४४-५९००८१, ९८५४०२०७७२)	७	६५	१०	१७	१५	८	३	१२५

सि.नं.	भर्ना केन्द्र	सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका वा शारीरिक रुपमा अशक्त नेपाली सैनिकका सन्तती	खुल्ला तर्फ	समावेशी तर्फ					जम्मा
				महिला	आदिवासी/ जनजाति	मधेसी	दलित	पिछडिएको क्षेत्र	
७.	जितपुर, बारा (श्री नं. २८ वाहिनी अड्डा) (०५१-५९१७९७)	४	३९	७	१०	९	५	१	७५
८.	रामेछाप (श्री खड्गदल गण) (०४८-४०००१०)	३	२६	४	७	६	३	१	५०
९.	हेटौंडा, मकवानपुर (श्री मध्य पृतना हे.क्वा.) (०५७-४१९०१५, ९८६३०२८८८४)	३	४०	६	१०	९	५	२	७५
१०.	भरतपुर, चितवन (श्री नयाँ सबुज गण) (०५६-४९३६७७, ९८६३०२९१८५)	४	३९	७	११	९	४	१	७५
११.	गजुरी, धादिङ्ग (श्री भैरव गण) (०१०-४०२०२०, ०१०-४०२०२५)	४	३९	७	१०	९	५	१	७५
१२.	विजयपुर, कास्की (श्री पश्चिम पृतना हे.क्वा.) (०६१-४११६७५, ०६१-४११३११)	८	९२	१५	२४	२१	१२	३	१७५
१३.	शेराडिल, वाग्लुङ्ग (श्री नं. २३ वाहिनी अड्डा) (०६८-५२११९४, ९८६३०२९१७१)	३	२६	४	६	६	४	१	५०
१४.	गोरखा (श्री रुद्रध्वज गण) (०६४-४११२००, ९८६३०२९१६६)	३	२६	४	७	६	३	१	५०
१५.	योगिकुटी, बुटवल (श्री मध्य पश्चिम पृतना हे.क्वा.) (०७१-४१९२१०, ०७१-४१९२०९, ९८६३०२९१३७)	१४	१४३	२३	३८	३३	१८	६	२७५
१६.	धागिथुम, गुल्मी (श्री रामबाण गुल्म) (०७९-५२०७००)	३	२६	४	७	६	३	१	५०
१७.	भरतपुर, दाङ्ग (श्री ज्वालादल गण) (०८२-५६१०६३, ०८२-५६११००)	५	५३	८	१४	१२	६	२	१००
१८.	लिवाङ्ग, रोल्पा (श्री सुर्यदल गण) (०८६-४४०१५३, ०८६-४४०१५२)	२	२६	५	७	६	३	१	५०

सि.नं.	भर्ना केन्द्र	सैनिक तालिम वा कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका वा शारीरिक रुपमा अशक्त नेपाली सैनिकका सन्तती	खुल्ला तर्फ	समावेशी तर्फ					जम्मा
				महिला	आदिवासी/ जनजाति	मधेसी	दलित	पिछडिएको क्षेत्र	
१९.	निमारे, सुर्खेत (श्री उत्तर पश्चिम पृतना हे.क्वा.) (०८३-४१४०४५, ०८३-४१४०२३)	१६	१७०	२७	४५	३९	२१	७	३२५
२०.	नेपालगञ्ज, बांके (श्री नं.४ वाहिनी अड्डा) (०८१-५६५२९७, ९८५८०८३२२१)	९	९२	१५	२४	२१	११	३	१७५
२१.	देवलडाँडा, जुम्ला (श्री नं.२४ वाहिनी अड्डा) (०८७-५२०४७४, ०८७-५२०१९४)	३	२६	४	६	६	४	१	५०
२२.	तेघरी, कैलाली (श्री सुदुर पश्चिम पृतना हे.क्वा.) (०९१-५५०७४२, ०९१-५५०७५७)	१०	१०४	१७	२८	२४	१३	४	२००
२३.	भगतपुर, कञ्चनपुर (श्री नं.२५ वाहिनी अड्डा) (०९९-५२४७०२, ०९९-५२५४४४)	८	७९	१२	२०	१८	१०	३	१५०
२४.	दिपायल, डोटी (श्री नं. ५ वाहिनी अड्डा) (०९४-४४०४३०, ०९४-४४०४२४)	३	४०	६	११	९	४	२	७५
२५.	दह, डडेल्धुरा (श्री अर्जुनबाण गण) (०९६-४२०५४०, ०९६-४२०६४०)	२	२६	५	७	६	३	१	५०

३. **दरखास्त फाराम पेश गर्ने मिति र स्थान :**

(क) **दरखास्त मिति** : मिति २०८१/१२/२९ गतेदेखि मिति २०८२/०१/२७ गतेसम्म र दोब्बर दस्तुर बुझाई मिति २०८२/०१/२८ गतेदेखि मिति २०८२/०२/०३ गतेसम्म थप दिन ७ (सात) हुनेछ ।

(ख) एकल तथा दोब्बर दस्तुर बुझाई दरखास्त पेश गर्ने अन्तिम मितिको दिन सार्वजनिक विदा पर्न गएमा उक्त मिति भन्दा पछाडीको कार्यालय खुल्ने दिनमा दरखास्त दस्तुर (राजस्व) बुझाई दरखास्त फाराम दर्ता गर्न सकिनेछ ।

(ग) **स्थान** : आफूलाई पायक पर्ने तोकिएको भर्ना केन्द्र ।

४. **दरखास्त दस्तुर** : दरखास्त फाराम बुझाउंदा रु. १५०।- (एक सय पचास रुपैयाँ मात्र) दस्तुर दाखिला गरेको भौचर बुझाउनु पर्नेछ । तर एउटै विज्ञापन नं. मा एकभन्दा बढी समूहमा दरखास्त दिएमा प्रत्येक समूहको लागि २०% का दरले थप दस्तुर लाग्नेछ । उम्मेदवार स्वयम्ले सम्बन्धित भर्ना केन्द्रले तोकेको बैंक

खाता नम्बर, कार्यालय कोड र राजश्व शीर्षक नम्बर- १४२२४ परीक्षा शुल्क खातामा जम्मा गर्नु भई सो को सक्कल भौचर तथा प्रतिलिपि प्रति- १/१ (एक/एक) दरखास्त फाराम साथ उक्त भर्ना केन्द्रमा पेश गर्नु पर्नेछ ।

५. **आवश्यक योग्यता :**

(क) **न्यूनतम शैक्षिक योग्यता :**

सि.नं.	शैक्षिक योग्यता
१.	कक्षा ८ (आठ) उत्तीर्ण गरेको हुनुपर्नेछ । कक्षा ९ (नौं) र १० (दश) उत्तीर्ण हुनेहरुले पनि कक्षा ८ (आठ) उत्तीर्णको शैक्षिक योग्यताको प्रमाणपत्र अनिवार्य रुपमा बुझाउनु पर्नेछ । SLC/SEE वा सो भन्दा माथिको शैक्षिक योग्यताको प्रमाणपत्र पेश गर्नेहरुले कक्षा ८ (आठ) को प्रमाणपत्र बुझाउन (न) नपर्ने तर SLC/SEE सहित सो भन्दा माथिको सबै शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि बुझाउनु पर्नेछ । **(क) लेटर ग्रेडिङ्ग निर्देशिका, २०७८ लागू हुनु पूर्व जारी भएका प्रमाणपत्रको हकमा** (१) कक्षा ८ (आठ) उत्तीर्णको प्रमाणपत्रमा न्यूनतम GPA–2 अनिवार्य हुनुपर्ने र कुनै पनि विषयमा D+ भन्दा कम हुन नहुने । (२) SLC/SEE वा सो भन्दा माथिको शैक्षिक योग्यताको प्रमाणपत्र पेश गर्नेहरुले पेश गरेको प्रमाणपत्रहरु मध्ये माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रमा न्यूनतम GPA-2/CGPA-1.6 अनिवार्य हुनुपर्ने र कुनै पनि विषयमा D+ भन्दा कम हुन नहुने । **(ख) लेटर ग्रेडिङ्ग निर्देशिका, २०७८ बमोजिम जारी भएको प्रमाणपत्रको हकमा** (१) कक्षा ८ र SEE को शैक्षिक योग्यताको हकमा न्यूनतम GPA-2 वा सो भन्दा माथि हुनुपर्ने र मूल प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने । (२) कक्षा १२ को शैक्षिक योग्यताको हकमा GPA-1.6 वा सो भन्दा माथि हुनुपर्ने र मूल प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने ।

(ख) **शारीरिक योग्यता :**

सि.नं.	पुरुष	महिला
१.	(क) उचाईः न्यूनतम ५ फिट ३ ईन्च (ख) छातीः नफुलाउंदा न्यूनतम ३२ ईन्च र फुलाउंदा न्यूनतम ३४ ईन्च (ग) वजनः न्यूनतम ५० के.जि.(११० पौण्ड)	(क) उचाईः न्यूनतम ५ फिट (ख) वजनः न्यूनतम ४० के.जी. (८८ पौण्ड)
२.	चस्मा प्रयोग गर्ने भएमा आंखा ± २ भन्दा बढी कमजोर नभएको हुनुपर्ने ।	

(ग) **अन्य योग्यता :** उल्लिखित पदका उम्मेदवारहरु स्वास्थ्य परीक्षणबाट योग्य ठहरिएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको, तत्काल कुनै राजनैतिक दलको सदस्य नरहेको, कुनै अपराधिक गतिविधिमा संलग्न नभएको वा नरहेको, कुनै ध्वंसात्मक उद्देश्य भएको संस्थाको सदस्य नभएको वा नरहेको, नेपाल विरुद्ध जासुसी गरेको अभियोगमा सजाय नपाएको, मानव अधिकार र मानवीय कानुनको उल्लंघनमा सजाय नपाएको तथा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त नभएको हुनु पर्नेछ । अन्य योग्यताको हकमा **"सैनिक सेवा नियमावली, २०६९, (संशोधन सहित)"** र **"भर्ना छनौट निर्देशिका, २०७१"** मा उल्लेख भए बमोजिम हुनुपर्नेछ ।

६. **उमेरको हद :**

(क) उम्मेदवारहरु दरखास्त पेश गर्ने अन्तिम मिति २०८२/०१/२७ गतेसम्म १८ वर्ष पूरा भई २२ वर्ष ननाघेको **(जन्म मिति २०६०/०१/२७ गतेदेखि मिति २०६४/०१/२७ गतेसम्म)** हुनुपर्ने ।

(ख) नेपाली सेनाको वहालवाला उम्मेदवारहरुको हकमा २६ वर्ष **(जन्म मिति २०५६/०१/२७ गते र सो पछि जन्म भएको)** ननाघेको हुनुपर्ने ।

७. **नेपाली सेनाका बहालवाला उम्मेदवारहरुको लागि :**

(क) दरखास्त पेश गर्ने अन्तिम मिति २०८२/०१/२७ गतेका दिन न्यूनतम सेवा अवधि १ वर्ष पूरा भएको हुनुपर्नेछ ।

(ख) युनिटपतिको सिफारिस पेश गर्नुपर्नेछ ।

८. **दरखास्त साथ समावेश गर्नुपर्ने आवश्यक कागजातहरु :** देहाय बमोजिमका कागजातहरुको प्रतिलिपि उम्मेदवारहरु स्वयम्ले प्रमाणित गरी १/१ (एक/एक) प्रतिका दरले नेपाली फायलमा राखी पेश गर्नुपर्नेछ । केरमेट तथा दोहोरो लेखिएको प्रमाणपत्रहरु मान्यता हुनेछैन । दरखास्त दिन आउंदा पेश गरिने सबै कागजातहरुको सक्कल प्रति साथमा ल्याउनु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाणपत्र ।

(ख) सबै शैक्षिक तहहरुको योग्यताको प्रमाणपत्रको लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्र र ओरिजिनल/प्रोभिजनल प्रमाणपत्र ।

(ग) नेपालका विद्यालय/विश्वविद्यालयहरू बाहेक अन्य बोर्ड तथा विश्वविद्यालयहरुबाट उपाधी हासिल गर्नेहरूको हकमा पाठ्यक्रम विकास केन्द्र/त्रि.वि.वि.बाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

(घ) शैक्षिक योग्यता बाहेक आफूले प्राप्त गरेको अन्य प्रमाणपत्रहरु (अतिरिक्त क्रियाकलाप) र विविध विषय सम्वन्धी प्रमाणपत्रहरु भएमा ।

(ङ) **सैनिक तालिम वा आफ्नो कर्तव्य गर्दा गर्दै कुनै शारीरिक चोट पटक लागि सोही कारणबाट शारीरिक रूपमा अशक्त भएका र कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएका नेपाली सैनिकका सन्ततीहरूको हकमा निम्न थप कागजातहरू सम्बन्धित उम्मेदवार स्वयम्ले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।**

(१) श्री समारोह सञ्चालन निर्देशनालयबाट प्रकाशित सहाराको जरुरतको नामावली लगतमा नाम समावेश भएको हुनुपर्ने वा निवृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा) मा वीरगती वा अशक्त भनि उल्लेख भएको व्यहोराको प्रमाणित प्रतिलिपि प्रति १ (एक) ।

(२) बहालवालाको हकमा **"सैनिक सेवा नियमावली, २०६९ (संशोधन सहित)"** को नियम १०७ अनुसार मेडिकल बोर्डको सिफारिस पत्रको प्रतिलिपि प्रति १ (एक) ।

(३) सम्बन्धित उम्मेदवारसंगको नाता प्रमाणितको प्रतिलिपि प्रति १ (एक) ।

९. **फोटोग्राफ :** उम्मेदवारहरुले हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति (दुवै कान समेत) प्रष्ट देखिने एकै किसिमको फोटो (पुरुषको हकमा दाह्री र कपाल काटेको) प्रति- ४ (चार) र २X२ साईजको फोटो प्रति- १ (एक) दरखास्त साथ पेश गर्नुपर्नेछ ।

१०. **परीक्षाको लागि सम्पर्क मिति र स्थान :** दरखास्त फाराम दर्ता पश्चात मिति २०८२/०२/१४ गतेको ११०० बजे दरखास्त पेश गरेको सम्बन्धित भर्ना केन्द्रमा ।

११. **छनौट प्रक्रिया** : देहाय बमोजिमका छनौट प्रक्रिया सञ्चालन हुनेछ ।

(क) **वियरिङ्ग परीक्षा** : यस परीक्षामा उम्मेदवारहरुको उचाई, वजन, छाती (महिला उम्मेदवार बाहेक) र शारीरिक बनावट परीक्षण गरिनेछ । शारीरिक बनावट परीक्षणमा हेरिने बुँदाहरु निम्नानुसार रहेको ।

(१) **बुँदा नं.१ शरीरको अङ्गहरू सामान्य भएको**

(कक) सामान्य मानिसमा हुनुपर्ने अङ्गहरू नभएको तथा थप अङ्गहरू भएको हुन नहुने ।

(कख) हात, खुट्टा लामो छोटो भएको हुन नहुने ।

(कग) खुँडे हुन नहुने ।

(कघ) ढाड कुप्रो हुन नहुने ।

(कङ) शरीर पूरा झुकाउन सक्ने हुनुपर्ने ।

(कच) जिउ कोल्टे परेको हुन नहुने ।

(२) **बुँदा नं. २ शरीरमा अस्वभाविक दागहरू नभएको**

(कक) रोग वा चोटपटकको कारण अनुहारमा अस्वाभाविक छ्याका भएको हुन नहुने ।

(कख) अनुहार र टाउकोमा अस्वभाविक ग्रहणको टाटो (Birth Mark), खत र दाग भएर रूप नै विग्रिएको हुन नहुने तर सामान्य ग्रहणको टाटो (Birth Mark), खत र दाग भएकोलाई लिन सकिने । रोग, शल्यक्रिया र चोटपटकबाट भएको ठुलो खतको हकमा डाक्टर अधिकृतबाट एकीन गरी कार्य क्षमतामा असर नपर्ने भएमा लिन सकिने ।

(कग) आफैले जाना जानी बनाएको खत (अक्षर, नाम वा दाग) भएको हुन नहुने ।

(कघ) शरीरको कुनै पनि भागमा ट्याटु मार्क हुन नहुने तर मेटाएको अवस्थामा मात्र ट्याटुको दाग स्वाभाविक भएमा लिन सकिने ।

(३) **बुँदा नं.३ हात खुट्टा बाङ्गो टिङ्गो नभएको, औंलाहरू ठीक भएको र धेरै चेप्टो पैताला (Flat Foot) नभएको**

(कक) हात खुट्टा बाङ्गो टिङ्गो भएको हुन नहुने (हत्केला आकाशतिर फर्काई सिधा गर्दा कुहिनानिरको हातको कोण पुरुषको हकमा ५-१० डिग्री र महिलाको हकमा ५-१५ डिग्री भन्दा बढी हुन नहुने) ।

(कख) हात खुट्टाको औंलाहरू जोडिएको तथा खप्टिएको हुन नहुने ।

(कग) हात खुट्टाको औंलाहरू अस्वाभाविक रूपमा फाटिएर नजोडिने हुन नहुने ।

(कघ) **Flat Foot:** धेरै चेप्टो पैताला हुन नहुने ।

(४) **बुँदा नं.४ घुंडाको अवस्था**

(कक) **Knock Knee:** सतर्क पोजिशनमा उभिदा घुंडा नजोडिने हुनुपर्ने ।

(कख) **Bow Leg:** दुवै खुट्टा जोडेर उभिंदा घुंडा बीच ८ से.मि.भन्दा धेरै ग्याप हुन नहुने ।

(५) **बुँदा नं.५ शरीरमा मुसा नभएको**

(कक) शरीरको कुनै पनि भागमा छरिएर धेरै संख्यामा मुसा भएको हुन नहुने ।

नोट: वियरिङ्ग चेकजांचको समयमा कैफियतमा मुसा भएको भनि जनाउने र निज उम्मेदवारलाई विस्तृत मेडिकल चेकजांच सम्मको अवधिमा उपचार गराई आएमा मुसाको प्रकृति हेरी फिट हुन सक्ने भनि जानकारी गराउने ।

(६) **बुँदा नं.६ दाँत नझरेको**

(कक) दाँत झरेको भएमा Fixed दाँतलगाएको हुनुपर्ने तर बुद्धि बङ्गारा झरेको भएमा लिन सकिने ।

(कख) दाँत RCT गरेको भएमा Cap लगाएको हुनुपर्ने ।

(कग) अगाडिको दाँत बाहिर निस्कन गई दुवै ओठ जोड्दा बाहिर देखिन नहुने ।

(कघ) दाँत किराले खाएको भए दाँत भरेको हुनुपर्ने ।

(कङ) अगाडिको दाँतहरू २ मि.मि. भन्दा बढी फाटिएको हुन नहुने ।

(७) **बुँदा नं. ७ दुवी भएको**

(कक) सर्ने किसिमको दुवी (Vitiligo) हुन नहुने ।

(कख) शरीरमा अस्वभाविक देखिने दुवी हुन नहुने ।

नोट: P. Versicolor नसर्ने किसिमको दुवी भएमा कैफियत महलमा नसर्ने दुवी लेखि (निज उम्मेदवारलाई विस्तृत मेडिकल चेकजांच सम्मको अवधिमा उपचार गराई आएमा अवस्था हेरी फिट हुन सक्ने भनि जानकारी गराउने) र यस्तो प्रकारको दुवीलाई लिन सकिने ।

(८) **बुँदा नं.८ कपाल नझरेको/कपाल नफुलेको**

(कक) कुनै किसिमको रोगको कारण धेरै कपाल झरेको हुन नहुने ।

(कख) धेरै मात्रामा कपाल फुलेको हुन नहुने ।

(९) **बुँदा नं. ९ आँखा डेढो नभएको र आँखा चिम्लन सक्ने**

(कक) डेढो आँखा भएको हुन नहुने ।

(कख) दुवै आँखाको आकार समान भएको हुनुपर्ने ।

(कग) दाहिने हात चलाउनेको हकमा बायाँ आँखा र बायाँ हात चलाउनेको हकमा दाहिने आँखा चिम्लन सक्ने हुनुपर्ने ।

(१०) **बुँदा नं. १० प्रष्ट बोली भएको, भकभकाउने र लठ्यौरो हुन नहुने**

(कक) भकभकाउने, लठ्यौरो तथा तोते बोली नभएको र प्रष्ट बोली भएको हुनुपर्ने ।

(कख) उम्मेदवारहरुको शारीरिक बनावटको कारण सैनिक कार्य क्षमतामा असर पर्ने हुन नहुने ।

(ख) **प्रारम्भिक स्वास्थ्य परीक्षण** : मान्यता प्राप्त चिकित्सकहरुद्वारा उम्मेदवारहरुको प्रारम्भिक स्वास्थ्य परीक्षण गरिनेछ । यस परीक्षणमा नाक, कान, आँखा (कलर भिजन), ब्लड प्रेसर, हर्निया, पाईल्स, छाला आदि हेरिनेछ ।

(ग) **शारीरिक परीक्षा** : सैन्य पदको शारीरिक परीक्षाको मापदण्ड देहायनुसार रहेकोछ ।

लिङ्ग	परीक्षा विवरण	पास	उत्तम	अति उत्तम	कै.
पुरुष	सिटअप	१५-१९ पटक	२०-२४ पटक	२५ पटक वा सो भन्दा बढी	
	पुसअप	१२-१५ पटक	१६-१९ पटक	२० पटक वा सो भन्दा बढी	
	चिनअप	५-७ पटक	८-१० पटक	११ पटक वा सो भन्दा बढी	
	३०० मि. दौड	५१-५५ सेकेण्ड	४६-५० सेकेण्ड	४५ सेकेण्ड भित्र	
	२ माईल दौड	१३ मिनेट १ सेकेण्ड देखि १४ मिनेट	१२ मिनेट १ सेकेण्ड देखि १३ मिनेट	१२ मिनेट भित्र	
महिला	सिटअप	८-११ पटक	१२-१५ पटक	१६ पटक वा सो भन्दा बढी	
	पुसअप	६-९ पटक	१०-१३ पटक	१४ पटक वा सो भन्दा बढी	
	चिनअप	३ पटक	४ पटक	५ पटक	
	३०० मि. दौड	५६-६० सेकेण्ड	५१-५५ सेकेण्ड	५० सेकेण्ड भित्र	
	२ माईल दौड	१५ मिनेट ३१ सेकेण्ड देखि १७ मिनेट	१४ मिनेट १ सेकेण्ड देखि १५ मिनेट ३० सेकेण्ड	१४ मिनेट भित्र	

(घ) **लिखित परीक्षा** : लिखित परीक्षा देहाय बमोजिम श्री लोक सेवा आयोगले सञ्चालन गर्नेछ । साथै, बस्तुगत बहु उत्तर प्रश्नको गलत उत्तरको २० प्रतिशत अङ्क कट्टा हुनेछ । लिखित परीक्षाको पाठ्यक्रम वेबसाईटमा हेर्न सकिनेछ ।

सि.नं.	पद	विषय तथा समय		कै.
		विविध (अंग्रेजी, नेपाली, गणित र सामान्य ज्ञान)		
		पूर्णाङ्क	समय	
१.	सैन्य	१००	२ घण्टा ३० मिनेट	

(ङ) **स्वास्थ्य परीक्षण** : मान्यता प्राप्त चिकित्सकहरुबाट स्वास्थ्य परीक्षण गरिनेछ । साथै, उम्मेदवारहरुको स्वास्थ्य परीक्षण गर्दा तोकिए बमोजिम शुल्क लाग्नेछ ।

(च) **अन्तरवार्ता** : पदपूर्ति समितिका पदाधिकारीहरुबाट अन्तर्वार्ता हुनेछ ।

१२. **तलब, भत्ता, राशन तथा अन्य सुविधाहरु** : नेपाली सेनामा प्रचलित नियम र व्यवस्था अनुसार हुनेछ ।

१३. **अन्य शर्तहरु** :

(क) नेपाल सरकार वा अन्य अर्ध सरकारी संघ संस्थामा कार्यरत व्यक्तिले उम्मेदवारी दिंदा विभागीय स्वीकृति पेश गर्नुपर्नेछ ।

(ख) महिलाको हकमा Direct Combat Duties/Close Combat Role (लडाईको समयमा अग्रभागमा गई प्रत्यक्ष रुपमा लड्ने कार्य) गर्ने नेपाली सेनाका निकायहरु बाहेकका Combat Related Duties/Combat Support/Combat Service Support (लडाईमा प्रत्यक्ष संलग्न फौजलाई पछाडी रहेर सेवा र सहयोग पुर्‍याउने कार्य) गर्ने नेपाली सेनाका निकायहरुमा समावेश गराइनेछ ।

(ग) उम्मेदवारहरुले पेश गरेको सम्पूर्ण विवरणहरुको सक्कल प्रति दरखास्त फाराम भर्दा र अन्तरवार्तामा समेत पेश गर्नुपर्नेछ । उम्मेदवारहरुले पेश गरेको विवरण झुट्ठा ठहरिएमा प्रचलित कानुन अनुसार कारवाही हुनेछ ।

(घ) एउटै विज्ञापन नं. र समान पदमा एउटा भर्ना केन्द्रबाट मात्र आवेदन दिन पाईनेछ ।

(ङ) समावेशी तर्फ प्रतिस्पर्धा गर्न चाहने उम्मेदवारहरुको हकमा आदिवासी/जनजाति, मधेशी, दलित मध्ये कुनै एक समुदायमा मात्र प्रतिष्पर्धा गर्न सक्नेछन । तर महिलाको हकमा यो व्यवस्था लागु हुनेछैन । साथै पिछडिएको क्षेत्रका उम्मेदवारहरुले पिछडिएको क्षेत्र कोटामा समेत दरखास्त दिई प्रतिष्पर्धा गर्न सक्नेछन् ।

(च) उम्मेदवारहरु अविवाहित (बहालवाला सैनिक व्यक्ति बाहेक) हुनुपर्नेछ र तालिम अवधिभर विवाह गर्न पाईने छैन ।

(छ) छनौट परीक्षाको क्रममा उम्मेदवारहरुले आ-आफ्नै व्यवस्थाबाट तोकिएको स्थान र समयमा प्रतिवेदन गर्नु पर्नेछ । साथै, हरेक परीक्षामा सहभागी हुन आउंदा सम्बन्धित उम्मेदवारहरुले आ-आफ्नो सक्कल नागरिकता साथमा लिई आउनु पर्नेछ ।

(ज) छनौट परीक्षाको दौरान आ-आफ्नो व्यक्तिगत सुरक्षाको साथै परीक्षा अवधिभर कुनै किसिमको दुर्घटना भएमा सोको जिम्मेवार स्वयम् उम्मेदवार हुनेछ ।

(झ) नेपाली सेनाको भर्ना प्रक्रियामा सहभागी हुने उम्मेदवार तथा अन्य व्यक्तिहरुले भनसुन, आर्थिक लेनदेन लगायतका गैह्र कानुनी कार्य गरेको पाइएमा छनौट परीक्षाबाट निष्कासन गरी सैनिक व्यक्तिको हकमा सैनिक ऐन तथा अन्य व्यक्तिको हकमा प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ ।

१४. **अनलाईन दरखास्त फाराम भर्ने सम्बन्धमा जानकारी** :

(क) नेपाली सेनाको आधिकारिक वेबसाईट **www.nepalarmy.mil.np** मा गएर **JOIN NEPALI ARMY** भित्र वा भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल **http://vacancy.nepalarmy.mil.np** मा भएको **"Apply Online"** मा **Click** गर्ने ।

(ख) अनलाईन दरखास्त फाराम भर्न नेपाली नागरिकताको विवरण, व्यक्तिगत विवरण, शैक्षिक योग्यताको विवरण र पारिवारिक विवरणहरु नेपाली युनिकोडमा भर्नु पर्नेछ साथै **उम्मेदवारको फोटो, नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाण पत्रहरु र राजस्व तिरेको भौचरको स्क्यान/डिजिटल कपी अनिवार्य आवश्यक पर्दछ ।**

(ग) अनलाईन दरखास्त फाराम भर्दा शुरुमा दरखास्तवालाको उमेर, शैक्षिक योग्यता, नागरिकता जस्ता विवरणका आधारमा उम्मेदवारले तोकिएको न्युनतम योग्यता प्रविष्ट (Entry) गरी मान्य भएको अवस्थामा मात्र त्यस पछि भर्नुपर्ने फारामहरुमा प्रवेश पाउनेछन् । आवश्यक विवरण तथा डकुमेन्टहरु प्रविष्ट/अपलोड भएपछि राजस्व तिरेको भौचरको स्क्यान/डिजिटल कपी अपलोड गरी Submit Application गर्ने र उम्मेदवारले सो विवरण सहितको दरखास्त फाराम, प्रवेश पत्र, राजश्व दस्तुरको भौचर डाउनलोड गरि PDF Format मा Save गर्ने र प्रिन्ट गर्ने ।

(घ) उक्त प्रिन्ट गरेको दरखास्त फाराममा उम्मेदवारले फोटो र हुलाक टिकट टांस गरी निवेदकको सहिछाप सहित आफूले छनौट गरेको भर्ना केन्द्रमा तोकिएको मिति भित्र पेश गर्नुपर्नेछ ।

(ङ) यदि उम्मेदवारहरुले अनलाईनबाट मात्र निवेदन फाराम Submit गरेर सो को प्रिन्ट सहितको फाराम नबुझाएको अवस्थामा सो अनलाईनबाट मात्र Submit गरेको फारामलाई **मान्यता दिईने छैन ।**

(च) अनलाईन दरखास्त फाराम भर्न केहि प्राविधिक कठिनाई भएमा सम्बन्धित भर्ना केन्द्रको सम्पर्क नम्बरमा सम्पर्क गर्न सकिने छ ।

१५. **<u>विशेष सूचना</u>** : सम्मानित सर्वोच्च अदालतबाट नेपाली सेना, भर्ना छनौट निर्देशनालय, कार्यरथी विभाग, जङ्गी अड्डा, काठमाण्डौ समेत विपक्षी रहेको रिट नम्बर ०७८-WO-०३८२ समेतका उत्प्रेषणका निवेदनहरुमा मिति २०७९।१०।२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानुनी प्रबन्ध मिलाएपछि कायम हुन आउने कुल पदहरु मध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसाबबाट आ.व.०७९/८० देखि समावेश नगरिएबाट वास्तविक रुपमा गुम्न गएका पदहरु समेत समेटि हुन गएको क्षतिको समेत पूर्तिका सम्बन्धमा कानुनमा व्यवस्था भए बमोजिम गर्ने गरी हाललाई प्रचलित कानुन बमोजिम पदपूर्तिका लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>द्रष्टव्य</u> :

(१) **"सैनिक सेवा नियमावली, २०६९ (संशोधन सहित)"** र **"भर्ना छनौट निर्देशिका,२०७१"** को आधारमा पदपूर्ति गरिनेछ ।

(२) यो विज्ञापन तथा छनौट परीक्षा सम्बन्धी सम्पूर्ण सूचना श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल http://vacancy.nepalarmy.mil.np मा हेर्न सकिनेछ ।

(३) थप केहि जानकारी लिनु परेको खण्डमा आफूलाई पायक पर्ने भर्ना केन्द्रहरु तथा नेपाली सेनाको नजिकको ब्यारेकमा सम्पर्क राख्नु हुन समेत सूचित गरिन्छ ।

(स्नेज प्रताप ज.ब.रा.)
सहायक रथी
निर्देशक